# राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०६८

नेपाल सरकार(म.प.) बाट स्वीकृति २०६८।७।३
पहिलो संशोधन २०६९।११।३
दोश्रो संशोधन २०७१।०४।१४
तेश्रो संशोधन २०७५/०५/१९

**प्रस्तावाना**

देशमा खेलकुद क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका,खेलकुदका माध्यमबाट देशलाई अन्तर्राष्ट्रियक्षेत्रमा पहिचान गराउन विशेष योगदान पुऱ्याएका व्यक्ति तथा संस्थाहरुलाई अभिप्रेरित गर्न,उनीहरुमा रहेका प्रतिभा एवं सृजनशीलताको कदर गर्दै खेलसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरुमा सकरात्मक मनोबल सहित अनुशासन कायम गर्न तथा त्यस्ता व्यक्ति र संस्थाहरुमा सकारात्मक सोच एवं क्षमताको विकास गर्नको लागि खेलकुद प्रतिभा सम्मानको व्यवस्था गर्न आवश्यक भएको र सो व्यवस्थालाई प्रभावकारी एवं व्यवस्थित रुपबाट सञ्चालन गर्ने अभिप्रायले नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

**प्रारम्भ**

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०६८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "प्रतिभा सम्मान" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट खेलकुदको क्षेत्रमामहत्वपूर्णयोगदान पुरयाएका व्यक्ति तथा संस्थालाई प्रदान गरिने राष्ट्रिय खेलकुद सम्मान सम्झनु पर्दछ ।

ख. "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ ।

ग. "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद सम्झनु पर्दछ ।

घ. "प्रदेश खेलकुद विकास समिति" भन्नालेपरिषद् अन्तर्गतको प्रदेश खेलकुद विकास समिति सम्झनु पर्दछ र सो शब्दले "प्रदेश खेलकुद विकास समिति" गठन नभएसम्मका लागिसाविकको "क्षेत्रिय खेलकुद विकास समिति" लाई समेत बझाउनेछ।

ङ. "जिल्ला खेलकुद विकास समिति" भन्नालेपरिषद्अन्तर्गतको जिल्ला खेलकुद विकास समिति सम्झनु पर्दछ ।

परिच्छेद–२

**प्रतिभा सम्मानको छनौटको क्षेत्र र आधार**

३. प्रतिभा सम्मानको क्षेत्रः (१) मन्त्रालयले देहायका व्यक्ति तथा संस्थाहरुलाई प्रतिभा सम्मान प्रदान गर्न सक्नेछ ।

क) खेलाडी

ख) प्रशिक्षक

ग) निर्णायक (रेफ्री)

घ) खेल व्यवस्थापक

ङ) खेल चिकित्सक

च) खेलसँग सम्बन्धित संस्था

छ) प्रायोजन गर्ने संस्था

४. छनौटका आधारः प्रतिभा सम्मान छनौटका आधारहरु अनुसूची ४ बमोजिम हुनेछन्।

क. खेलाडी छनौटका आधारहरुः–

१) विशेष प्रतिभावान खेलाडी

२) वर्षभरिमा प्राप्त गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान, तक्मा र पुरस्कार,

३) खेलप्रतिको जिम्मेवारी,

४) खेलाडी जीवनको समग्र उपलब्धी,

५) अनुशासन,

६) ♦सम्बन्धित खेलसंघको पुष्टयाईसहितको सिफारिस,

७) ♦विशिष्ट स्तरको उपाधी प्राप्त गरेको अवस्थामा बाहेक विगतका वर्षहरुमा प्रतिभा सम्मान पुरस्कार प्राप्त नगरेको ,

८) ♦व्यक्तिगत रुपमा बेरुजु फछ्र्यौट गर्न बाँकी नरहेको ।

ख) प्रशिक्षक छनौटका आधारहरुः

१) पारा तथा विशेष खेलकुदमा पुऱ्याएको योगदान,

२) प्रशिक्षण गरेको खेलाडीको उपलब्धिसमेत,

३) सम्बन्धित खेलको विकासमा खेलेको प्रभावकारी भूमिका,

४) सम्बन्धित खेल प्रशिक्षणमा संलग्न समयावधि,

५) प्रशिक्षित उत्कृष्ठ खेलाडी संख्या,

६) प्रशिक्षण गरेवापत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफलता एवं उपलब्धि,

७) ♦सम्बन्धित खेलसंघको पुष्टयाईंसहितको सिफारिस,

८) ♦विशिष्ट स्तरको उपाधी प्राप्त गरेको अवस्थामा बाहेक विगतका वर्षहरुमा प्रतिभा सम्मान पुरस्कार प्राप्त नगरेको ,

९) ♦व्यक्तिगत रुपमा बेरुजुफर्छ्यौट गर्न बाँकी नरहेको ।

ग) निर्णायक छनौटका आधारहरुः

१) निर्णायकको भूमिका निर्वाह गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको नाम र संख्या,

२) निर्णायकको स्तर र संख्या,

३) सम्बन्धित खेल संघ वा संस्थाको सिफारिस,

४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त गरेको तक्मा, पुरस्कार, प्रशंशापत्र आदि ।

५) ♦विगतको वर्षमा प्रतिभा सम्मान पुरस्कार प्राप्त नगरेको,

६) ♦व्यक्तिगत रुपमा बेरुजु फछ्र्यौट गर्न बाँकी नरहेको।

घ) खेल व्यवस्थापक छनौटका आधारहरुः

१) खेल व्यवस्थापनमा संलग्नता,

---

♦प्रथम संशोधन

२) खेल क्षेत्रमा पुर्‍याएको योगदान,

३) खेल व्यवस्थापन गरेवापत प्राप्त गरेको पुरस्कार,

४) खेलाडीमा कायम गराएको अनुशासन, समूह व्यवस्थापन,

५)♦सम्बन्धित खेलसंघको पुष्टयाईसहितको सिफारिस,

६)♦विशिष्ट स्तरको उपाधी प्राप्त गरेको अवस्थामा बाहेक विगतका वर्षहरुमा प्रतिभा सम्मान पुरस्कार प्राप्त नगरेको ,

७) ♦व्यक्तिगत रुपमा बेरुजु फछ्र्यौट गर्न बाँकी नरहेको ।

ङ) खेलसंघ संग सम्बन्धित संस्था छनौटका आधारहरुः

१) राष्ट्रियस्तरमा आयोजना गरिएको प्रतियोगिताको संख्या,

२) अन्तर्राष्ट्रिय स्तरका आयोजना गरिएका प्रतियोगिताको संख्या,

३) अन्तर्राष्ट्रिय प्रतियोगितामा गरेको सहभागिता र उपलब्धि,

४) प्राप्त पदक संख्या,

५) खेलको भौतिक पूर्वाधार विकासमा पुरयाएको योगदान,

६) आन्तरिक श्रोत परिचालनको अवस्था,

७) प्रायोजक परिचालन क्षमता,

८) अन्तर्राष्ट्रिय खेल संघ संस्थासंगको सम्बन्ध,

९) अन्तर्राष्ट्रिय सहयोग परिचालन,

१०) खेलसंघसंस्थाको अन्तर्राष्ट्रिय छवि,

११) अन्तर्राष्ट्रियस्तरमा प्रतियोगिता आयोजना गर्न सक्ने नविनतम क्षमता,

१२) कम्तीमा दश वर्षदेखि क्रियाशील भएको,

१३) ♦महिला र पुरुषको समान प्रतिनिधित्व,

१४) स्थानीय/♦दुर्गम क्षेत्रमा खेलकुदमा पुर्‍याएको योगदन,

१५) ♦विगत वर्षहरुको पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको,

१६) ♦संस्था नवीकरण भएको,

१७) ♦लेखापरीक्षण भएको,

१७ क) संस्थाको नाममा बेरुजु नभएको

१८) राष्ट्रिय र क्षेत्रियस्तरमा आयोजना गरिएको प्रतियोगिता संख्या ।

च) प्रायोजित गर्ने संस्था छनौटका आधारहरुः

१) प्रायोजनको निरन्तरता,

२) प्राथमिकता प्राप्त राष्ट्रिय खेलहरुमा गरेको प्रायोजन संख्या,

३) प्रायोजनका कारण खेलमा भएको प्रगति,

४) रोजगार, तालिम, सहभागिता, सामग्री सहयोग,

५) प्रायोजन गरेवापत प्राप्त गरेको पुरस्कार, तक्मा, प्रशंसापत्र आदि ।

---

♦प्रथम संशोधन

छ) खेल चिकित्सक छनौटका आधारहरुः

१) खेल चिकित्सा विधाको अध्ययन

२) समन्वय गर्न सक्ने क्षमता

३) कार्य अनुभव

४) खेल क्षेत्रमा पुऱ्याएको योगदान,

५) खेल व्यवस्थापन गरेवापत प्राप्त गरेको पुरस्कार,

६) खेलकुदमा प्रतिवन्धित औषधी सेवन विरुद्ध पुऱ्याएकोयोगदान

परिच्छेद–३

## छनौट प्रक्रिया

५. छनौट प्रक्रिया

१) मन्त्रालयले प्रतिभा सम्मान गर्नको लागि विभिन्न तरिकाबाट विवरण संकलन गर्नेछ । यसरी विवरण संकलन गर्ने प्रयोजनका लागि मन्त्रालयको सम्बन्धित व्यक्ति तथा संस्थाहरुको जानकारीको निमित अनुसूची–१ बमोजिमको कार्यतालिका अनुसार सार्वजनिक सूचनासमेत प्रकाशन गर्न सक्नेछ ।

२) प्रतिभा सम्मान प्रदान गर्नको लागि व्यक्ति तथा संस्था छनौट गर्ने प्रयोजनको लागि मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद्तथा सो अन्तर्गत रहेका प्रदेश, जिल्ला तथा स्थानीयखेलकुद विकास समिति तथा सम्बन्धित खेलसंघको सुझाव तथा सिफारिस लिन सक्नेछ ।

३) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि कुनै व्यक्ति वा संस्थाले प्रतिभा सम्मान पुरस्कारको लागि निवेदन गर्न चाहेमा सोही सूचनामा उल्लेखित म्यादभित्र अनुसूची–२ मा उल्लेखित विवरणहरु खुलाई मन्त्रालयसमक्ष निवेदन दिन सक्नेछ ।

४) सरोकारवाला बाहेक कुनै व्यक्ति वा संस्थाले खेलकुदको क्षेत्रमा उत्कृष्ट काम गरेको वा सो क्षेत्रमा सिर्जनशील, उद्यमी, आविष्कार, अन्वेषण, अनुसन्धान गरी तथा अन्य कसैले गरेको आविष्कार र अनुसन्धानबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई प्रयोग गरी समाज र राष्ट्रिय विकासमा अनुकरणीय योगदान दिन सक्षम व्यक्ति, संघ वा संस्थालाई प्रतिभा सम्मानको लागि उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुसूचि–३ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष सिफारिस सहित निवेदन गर्न सक्नेछ ।

५) उपनियम (२) बमोजिम प्राप्त भएको सुझाव तथा उपनियम (३) र(४) बमोजिम प्राप्त भएका निवेदन तथा सिफारिसहरु संकलन गरी प्रतिभा सम्मान पुरस्कार सम्बन्धमा सिफारिस गर्न मन्त्रालयले प्राप्त सुझाव, निवेदन तथा सिफारिसहरु नियम ६ बमोजिमको प्रतिभा सम्मान समितिमा पठाउनेछ ।

६) प्रतिभा सम्मान छनौट समितिको गठनः (१) प्रतिभा सम्मान पुरस्कार प्रदान गर्ने सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रतिभा सम्मान छनौट समिति रहनेछः

क) सचिव, युवा तथा खेलकुद मन्त्रालय–संयोजक

ख) सह–सचिव, खेलकुद महाशाखा, युवा तथा खेलकुद मन्त्रालय–सदस्य

ग) सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषद्–सदस्य

घ) अध्यक्ष, नेपाल ओलम्पिक कमिटि–सदस्य

ङ)कार्यकारी निर्देशक, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय, त्रि.वि.वि -सदस्य

च)मन्त्रालयले तोकेको खेलकुद विशेषज्ञ–सदस्य

छ) •राष्ट्रिय खेलकुद संघ वा संस्थाहरुबाट मन्त्रालयले तोकेको एक जना महिलासहित २ जना–सदस्य

ज) शाखा प्रमुख, खेलकुद प्रवर्द्धनशाखा, युवा तथा खेलकुद मन्त्रालय–सदस्य सचिव

२) प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मान गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भए देखि बाहेक अन्य कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

३) प्रतिभा सम्मान छनौट समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ ।

४) प्रतिभा सम्मान छनौट समितिले आफ्नो बैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ

५) प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मानको लागि कुनै व्यक्ति वा संस्थाको नाम सिफारिस गर्दा मन्त्रालयबाट सो प्रयोजनका लागि प्राप्त निवेदन, सिफारिस तथा सुझावहरुमा उल्लेख भएका व्यक्ति तथा संघ संस्था लगायत खेलकुदको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने अन्य व्यक्ति वा संस्था भए त्यस्ता व्यक्ति वा संस्थाको नाम समेत सिफारिस गर्न सक्नेछ ।

६) प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मानका लागि कुनै व्यक्ति वा संस्थाको नाम सिफारिस गर्दा हरेक वर्ष कम्तीमा एक संस्थासहितखेलाडी (साधारण)६, खेलाडी (पारा)१, प्रशिक्षक-१,रेफ्री -१ खेल व्यवस्थापक / चिकित्सक १गरी जम्मा१० जनालाई नगद तथा प्रमाणपत्र र खेलसंघ २ रप्रायोजक२ वटालाई प्रशंसा पत्र मात्र प्रदान गर्ने गरी (लैङ्गिक प्रतिनिधित्व समेत समावेश गरी) सिफारिस गर्नु पर्नेछ ।

७) प्रतिभा सम्मान प्रदान गर्नेः- मन्त्रालयले प्रतिभा सम्मान छनौट समितिले सिफारिस गरेका व्यक्ति वा संस्थालाई प्रत्येक वर्ष विशेष समारोह आयोजना गरीप्रतिभा सम्मान प्रदान गर्नेछ ।

८) प्रतिभा सम्मानको पुरस्कारको राशीः- प्रतिभा सम्मान पुरस्कारको राशी एक लाखको हुनेछ ।

---

•प्रथम संशोधन

अनुसुचि–१

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

कार्यतालिका

प्रतिभा सम्मान प्रदान गर्न देहाय बमोजिमको कार्यतालिका अपनाइनेछ ।

| महिना<br>क्रियाकलाप | श्रावण | भाद्र | असोज | कातिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचना प्रकाशन र पत्राचार | | ■ | | | | | | | | | | |
| विवरण संकलन | | ■ | | | | | | | | | | |
| प्रतिभा छनौट समितिको आन्तरिक कार्य | | | ■ | | | | | | | | | |
| *छनौट समितिले मन्त्रालयमा प्रतिभाको नाम सिफारिस | | | ■ | | | | | | | | | |
| मन्त्रालयले प्रतिभाको छनौटको निर्णय | | | | ■ | | | | | | | | |
| प्रतिभाको नाम घोषणा र सम्मान कार्यक्रम | | | | ■ | | | | | | | | |

*प्रथम संशोधन

अनुसुचि–२

(नियम ५ को उपनियम ३ सँग सम्बन्धित

राष्ट्रिय खेलकुद प्रतिभा सम्मानको लागि मन्त्रालयमा दिइने निवेदन ढाँचा

श्रीमान्सचिवज्यू,

युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

विषयः राष्ट्रिय खेलकुदप्रतिभा सम्मान....................द्वारा सम्मानित गरी पाऊँ ।

महोदय,

युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति मा प्रकाशित सार्वजनिक सूचना अनुसार यस आर्थिक वर्षमा सम्मानित गरिने राष्ट्रिय खेलकुदप्रतिभा सम्मानबाट सम्मानित गरी पाउँ भनी तपसिल बमोजिमका विवरण र कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

१. नाम, थरः

२. ठेगानाः

क) स्थायी ठेगानाः अञ्चल....................................जिल्लाः...........................

गा.पा./न.पा.....................................वडा नं............................टोलः.....................

सम्पर्क न .कार्यालयः...........................................आवासः..................................................

मोबाइलः........................................................इमेल.....................................

३. लिङ्गः पुरुष/स्त्री/तेश्रो लिङ्गी

४. जन्म मितिः वि.सं...................................................ई.सं.........................................

५ नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर र नागरिकता जारी भएको मिति र जिल्लाः..................
(नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुहोस)

६. बाबुको नामः.....................................

७. आमाको नामः

८. शैक्षिक योग्यता..........................................( प्रमाण पत्रका प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ )

९. अपाङ्गता भएमा सो को विवरणः......................................(* अपाङ्गतापहिचान हुने खालकोप्रमाण पेश गर्नु पर्नेछ )

१०. प्रतिभा सम्मानद्वारा सम्मानित हुनको लागि गर्नु भएको उल्लेखनीय कार्यहरुको विवरणः(उक्त उल्लेखनीय कार्यहरुलाई पुष्टि गर्ने प्रमाणित कागजातहरुको छाँयाप्रति संलग्न गर्नुपर्नेछ ।)

११.नियुक्ति पत्रको छायाप्रति (प्रशिक्षकहरुको हकमा)

१२.सम्बन्धित निकाय वा संस्थाको सिफारिस

१३.सम्बन्धित राष्ट्रिय खेल संघको सिफारिस(खेलाडीको हकमा)

१४.अन्य थप विवरण भएमाः(छुट्टै पानामा थप गर्न सकिने)

---

*प्रथम संशोधन

संस्थाको हकमा पेश गर्नुपर्ने कागजातहरु

१. संघसंस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

२. संस्थाको निर्णयको प्रतिलिपि

३. उत्कृष्ट योगदान /कार्य गरेको पुष्टि हुन कागजातहरु

४. अन्य उपयुक्त सामग्रीहरु (प्रमाणपत्रहरु पत्रपत्रिका पुस्तक आदि)

५. पेश्की फर्छ्यौटको स्थिति प्रतिवेदन

६. संस्थाको हकमा नवीकरण तथा लेखापरीक्षण प्रतिवेदन

७. राष्ट्रिय खेलकुद परिषद्को सिफारिस

निवेदक व्यक्ति तथा संस्थाको

दस्तखत

नाम-

पद-

मिति-

संस्थाको हकमा संस्थाको छाप-

अनुसुचि–२ क

(नियम ५ को उपनियम ३ सँग सम्बन्धित

## युवा तथा खेलकुद मन्त्रालय

## सिंहदरबार, काठमाडौ

**खेलाडी, प्रशिक्षक र व्यवस्थापकले निवेदन साथ पेश गर्नु पर्ने विवरण फाराम**

| सि. नं. | पुरा नाम थर | ठेगाना | खेलको नाम | राष्ट्रिय प्रतियोगिताको नाम मिति र स्थान | आ.ब... मा राष्ट्रियप्रतियोगितामा सहमागिता र पदक | | | | अन्तराष्ट्रिय प्रतियोगिताको नाम मिति र स्थान | आ.ब... माअन्तराष्ट्रियप्रतियोगितामा सहमागिता र पदक | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सहभागिता | स्वर्ण | रजत | कास्य | | सहभागिता | स्वर्ण | रजत | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

<u>द्रष्टव्यः</u>

- प्रमाणपत्र प्राप्त भए सो को प्रतिलिपि, आई डि कार्डको प्रतिलिपि, सहभागिता र डिप्लोमा प्रमाणपत्रको प्रतिलिपि र प्राप्त पदकको फोटोकपी तथा राष्ट्रिय संघबाट प्रमाणित परिषदबाट प्रमाणित हवाइ टिकटको प्रतिलिपि
- सहभागिता मात्र भएर पदक प्राप्त नभएको खण्डमा आई डि कार्डले प्रमाणित गर्नेछ

अनुसुचि–२ ख

(नियम ५ को उपनियम ३ सँग सम्बन्धित

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

**राष्ट्रिय खेल संघले निवेदन साथ पेश गर्नु पर्ने विवरण फाराम**

| सि.नं. | पुरा नाम र दर्ता नं. | ठेगाना | विगत५ वर्षदेखि प्राविधिक जनशक्ति उत्पादन | भौतिक पूर्वाधार निर्माण र आफ्नै खेल स्थल भए नभएको | विगत ५ वर्षदेखि सचालन तथा आयोजना गरेको राष्ट्रिय प्रतियोगिताको नाम मिति र स्थान | विगत ५ वर्षदेखि सहभागी भएको तथा आयोजना गरेको अन्तराष्ट्रिय प्रतियोगिताको नाम मिति र स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

द्रष्टव्यः

उल्लेख भएको विवरणको प्रमाणित कागजात पेश गर्नु पर्नेछ।

अनुसुचि–२ ग

(नियम ५ को उपनियम ३ सँग सम्बन्धित

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौ

## <u>खेल चिकित्सक र निर्णायक(रेफ्री) ले निवेदन साथ पेश गर्नु पर्ने विवरण फाराम</u>

| सि.नं. | पुरा नाम थर | ठेगाना | खेलको नाम | राष्ट्रिय प्रतियोगिताको नाम मिति र स्थान | अन्तराष्ट्रिय प्रतियोगिताको नाम मिति र स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

द्रष्टव्यः

आई डि कार्डको प्रतिलिपि, सहभागिता प्रमाणपत्रको प्रतिलिपि र परिषदबाट प्रमाणित, हवाइ टिकटको प्रतिलिपि

किन

सहभागिता मात्र भएर पदक प्राप्त नभएको खण्डमा आई डि कार्डले प्रमाणित गर्नेछ

निर्णायकलाई हवाइ टिकट आयोजकले मात्र दिन्छ नेपालले दिदैन

अनुसूचि-३

नियम ५ को उपनियम ४ सँग सम्बन्धित

**प्रतिभा सम्मानको लागि सिफारिसको ढाँचा**

श्रीमान सचिवज्यू,

युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

विषयः प्रतिभा सम्मान....................को लागि सिफारिस ।

महोदय,

युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति मा प्रकाशित सूचना अनुसार प्रतिभा सम्मानबाट सम्मानित गर्नको लागि निम्न खेलकुद विकासको क्षेत्रमा सम्बद्ध व्यक्ति तथा संघ संस्था योग्य देखिएकोले उक्त सम्मानद्वारा सम्मानित गर्नको लागि सिफारिस साथ अनुरोध छ ।

क) व्यक्तिको हकमा

१.सिफारिस हुने खेलकुद विकासको क्षेत्रमा सम्बद्ध व्यक्तिको नाम थरः-

२.ठेगानाः-

क) स्थायी ठेगानाः अञ्चल....................................जिल्लाः...........................

गा.वि.स./न.पा.....................................वडा नं............................टोलः.....................

सम्पर्क न .कार्यालयः..........................................आवासः..................................................

मोबाइलः.........................................................इमेल......................................

३. लिङ्गः पुरुष/स्त्री/तेश्रो लिङ्गी

४. जन्म मितिः वि.सं...................................................ई.सं...........................................

५ नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर र नागरिकता जारी भएको मिति र जिल्लाः..................
(नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुहोस)

६. शैक्षिक योग्यताः- (प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ ।)

७. अपाङ्गता भएमा सो को विवरणः......................................( पहिचान हुने प्रमाण पेश गर्नु पर्नेछ )

८. प्रतिभा सम्मानद्वारा सम्मानित हुनको लागि गर्नु भएको उल्लेखनीय कार्यहरुको विवरणः(उक्त उल्लेखनीय कार्यहरुलाई पुष्टि गर्ने प्रमाणित कागजातहरुको छाँयाप्रति संलग्न गर्नुपर्नेछ ।)

९.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कुनै पुरस्कार सम्मान पदक पाएका भए सोको विवरण उल्लेख गर्नु पर्नेछ ।

(उक्त कार्यहरुलाई पुष्टि गर्ने कागजातहरुको प्रमणित छाँयाप्रति संलग्न गर्नु पर्नेछ ।)

ख) संस्थाको हकमा

१.सिफारिस हुने खेलकुद विकासको क्षेत्रमा सम्बद्ध संघ संस्थाको नामः- .................................

२.ठेगानः- .................................

३.स्थापित मितिः- .................................

४.दर्ता नं. र दर्ता जिल्लाः- .................................

५.नवीकरण तथा लेखापरीक्षण भए नभएकोः- .................................

(म/हामी प्रस्तुत सिफारिस गरिएका व्यक्ति संघ वा संस्थासँग मेरो/हाम्रो प्रत्यक्ष वा अप्रत्यक्ष स्वार्थ नभएको व्यहोरा घोषणा गर्दछु/ गर्दछौं ।)

सिफारिस कर्ता

हस्ताक्षरः- ..................................

नामथरः- ..................................

पदः- ..................................

ठेगानाः- ..................................

मितिः- ..................................

संस्थाको हकमा संस्थाको छापः- ..................................

अनुसूचि-४

नियम ४ को उपनियम (१) सँग सम्बन्धित

# युवा तथा खेलकुद मन्त्रालय

## सिंहदरबार काठमाडौं

**राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि खेलाडी मुल्याङ्कन फाराम**

| सि.नं. | खेलाडीको नामथर | ठेगाना | खेल | मूल्याङ्कनका आधारहरु | | | | | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुशासन कारवाही भए नभएको ४ | राष्ट्रिय प्रतियोगितामा सहभागिता ६ | राष्ट्रिय प्रतियोगितामा प्राप्त पदक १२ | अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता ८ | अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त पदक संख्या र प्रकार (२०) | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

द्रष्टव्यः

- राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि अधिकतम ६ अंक(एक वा सो भन्दा बढी जति पटक सहभागि भए पनि अकं ६ प्रदान गरिनेछ) ।
- राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदकका लागि १२, रजत पदकका लागि १० र कास्य पदकका लागि ८ (राष्ट्रियस्तरको प्रतियोगिता भनि कुनै पनि प्रतियोगिता आयोजना भएमा सोको मुल्यांकन गरिने छैन र कुनै पनि खेलको वार्षिक रुपमा सम्बन्धित राष्ट्रिय संघले आयोजना वा संचालन नगरे सो को जवाफदेही संघ आफै हुनु पर्नेछ)
- एक खेलाडीले एक मात्र इभेन्टमा सहभागी हुन पाउने समूह खेलहरुका पदक र एक खेलाडीले दुई वा सो भन्दा बढी इभेन्टमा सहभागी हुन पाउने व्यक्तिगत खेलहरुका पदक बापत बराबर अंक प्रदान गरिनेछ ।
- अन्तरारष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि ओलम्पिकमा सहभागी भएवापत अकं ८, एशियन ७, World Championship मा ६ अंक, एशियन च्याम्पियनसिपमा (क्रिकेट समेत) ५ अंक, SAG च्याम्पियनसिपमा ३ अकं र आमन्त्रित सबै खेलमा २ अकं का दरले ८ अकं भन्दा बढी नहुने गरी अकं प्रदान गरिनेछ ।
- अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि ओलम्पीकका हकमा स्वर्ण पदकका लागि अकं २०, रजतका लागि अकं १८ र कास्यका लागि अकं १६, एशियन खेल प्रतियोगितका हकमा स्वर्ण पदकका लागि अंक १८, रजतका लागि १६ र कास्यका लागि १४ अकं ।World Championshipको हकमा स्वर्णका लागि १६, रजतका लागि १४ अंक र कास्यका लागि १२ अंक, एशियन च्याम्पियनसिप (क्रिकेट समेत) मा १४ अकं, रजतका लागि १२ अकं र कास्यका लागि अकं १० अकं, SAG स्वर्ण पदकका लागि १३ अंक, रजतका लागि ९ अकं र कास्यका लागि ८ अकं, SAG च्याम्पियनसिपका लागि स्वर्ण पदकका लागि १० अंक, रजतका लागि ८ अकं र कास्यका लागि ६ अकं तथा अन्य प्रतियोगिताका लागि स्वर्ण पदकका लागि ८ अंक, रजतका लागि ६ अकं र कास्यका लागि ४ अकं दिईने छ ।

- अनुसूचि-४ क
- नियम ४ को उपनियम (१) सँग सम्बन्धित

# • युवा तथा खेलकुद मन्त्रालय

## • सिंहदरबार काठमाडौं

- **राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि प्रशिक्षक मुल्याङ्कन फाराम**

| सि.नं. | आवेदक सिफारिस भएको नाम थर | ठेगाना | खेल | मूल्याङ्कन आधारहरु (पूर्णाङ्क ५०) | | | | | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (१०) अनुभव | (१०) योगदान | अनुशासन (विगत ३वर्षमा कारवाही भए नभएको) (१०) | विशेष योग्यता विगत ५ वर्षमा वैदेशिक प्रशिक्षणमा सहभागिता) (१०) | आर्थिक अनुशासन (व्यक्तिगत पेश्की वेरुजु बाँकी भए नभएको) (१०) | | | |

द्रष्टव्यः

- अनुभव वापत अंक प्रदान गर्दा रा.खे.प. प्रशिक्षकलाई प्रत्येक वर्षका लागि १ अकंका दरले अधिकतम १० वर्षको १० अकं प्रदान गरिने, तर खेल संघका प्रशिक्षकका हकमा ५ वर्षलाई अनुभवको अधिकतम वर्ष मानी प्रति वर्ष २ अकंका दरले अधिकतम १० अकं प्रदान गरिने ।
- अनुशासनमा विगत ३ वर्षमा कारवाही भएको भए ० अकं नभए १० अकं ।
- विशेष योग्यतामा विगत ५ वर्षमा २ पटक वैदेशिक तालिम प्राप्त गरेको भए प्रति तालिम ५ अकंका दरले २ वटा तालिमको अधिकतम १० अकं ।
- आर्थिक अनुशासनमा व्यक्तिगत बेरुजु भए ० अकं र नभए १० अकं । (राष्ट्रिय खेलकुद परिषद्को पत्रलाई आधार मान्ने)
- योगदान वापतको अंक प्रदान गर्दा राष्ट्रिय प्रतियोगितामा खेलाडीको सहभागिताका लागि अंक ४ र अन्तर्राष्ट्रिय सहभागिता वापत अंक ६ प्रदान गर्ने
- राष्ट्रिय प्रतियोगितामा कुनै एक स्वर्ण, रजत र कास्य पदक भए क्रमशः ४, ३ र २ अंक प्रदान गर्ने,
- अन्तर्राष्ट्रिय प्रतियोगिता कुनै एक स्वर्ण, रजत र कास्य पदकका लागि ओलम्पिकमा क्रमशः ६,५ र ४, एशियनमा ५,४,३, SAG मा ४,३,२ र अन्य जुनसुकै प्रतियोगिताका लागि क्रमशः २,१.५ र १ अंक प्रदान गरिने ।

अनुसूचि-४ ख

नियम ४ को उपनियम (१) सँग सम्बन्धित

# युवा तथा खेलकुद मन्त्रालय

## सिंहदरबार काठमाडौं

**राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि संघसंस्था मुल्याङ्कन फाराम**

| सि.नं. | संघसंस्थाको नाम | नियमित निर्वाचन (५) | मूल्याङ्कनका आधारहरु (पूर्णाङ्क ५०) | | | | | पूर्वाधार निर्माण (२) | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नवीकरण (५) | लेखापरीक्षण गत(१०) | पेश्की वेरुजु भए नभएको (८) | राष्ट्रियस्तरको खेल आयोजना संख्या(गत आ.व.) (१०) | अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता (गत आ.व.) (१०) | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

द्रष्टव्य:

- गत आर्थिक वर्षमा राष्ट्रिय खेल आयोजना गरेको भए अधिकतम २ वटा खेलको लागि प्रति खेल ५ अकं अकंका दरले अधिकतम १० अकं प्रदान गरिने छ।
- गत आर्थिक वर्षमा अन्तर्राष्ट्रिय जगतमा सहभागिता जनाएको भए बढीमा ५पटकको लागि प्रति पटक २ अकंका दरले अधिकतम १० अकं ।
- नियमित निर्वाचनको मूल्यांकन संस्थाको विधानले तोकेको अवधिमा निर्वाचन भएको भए ५ अंक, नभएको भए ० अंक (विगत ५ वर्षमा)
- विगत ५ वर्षमा खेलसंग सम्बन्धित पूर्वाधार निर्माण गरेको प्रमाण पेश भएमा २ अंक दिईने छ ।

अनुसूचि-४ ग

नियम ४ को उपनियम (१) सँग सम्बन्धित

# युवा तथा खेलकुद मन्त्रालय

## सिंहदरबार काठमाडौं

**राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि प्रायोजकको मूल्याङ्कन फाराम**

| सि.नं.: | प्रायोजकको नाम | ठेगाना | | मूल्याङ्कनका आधारहरु (पूर्णाङ्क ५०) | | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रायोजित खेल संख्या (२०) | प्रायोजित रकम (३०) | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

द्रष्टव्यः

- गत आर्थिक वर्ष प्रायोजन गरेको प्रति खेल ४ अंकका दरले बढीमा ५ वटा खेलसम्मको अधिकतम २० अकं।
- गत आर्थिक वर्षमा प्रायोजित रकम ५ लाख सम्मको अकं १०, १० लास देखि माथि १५ लाख सम्म १५ अकं, १५ लाख भन्दा माथि -४० लाख सम्मको २० अकं र ४० लाख भन्दा माथि भए ५० अकं प्रदान गरिनेछ ।
- प्रायोजक संस्था नेपाल सरकारमा दर्ता भइ अध्यावधिक रुपमा नवीकरण भएको हुनु पर्नेछ ।

अनुसूचि-४ घ

नियम ४ को उपनियम (१) सँग सम्बन्धित

## युवा तथा खेलकुद मन्त्रालय

## सिंहदरबार काठमाडौं

### राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि निर्णयाक/रेफ्ररिकोमूल्याङ्कन फाराम

| सि.नं. | आवेदक सिफारिस भएको नाम थर | ठेगाना | खेल निर्णयाक अनुभव | | अनुशासन | विशेष योग्यता | आर्थिक अनुशासन | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विगत वर्षमा राष्ट्रिय प्रतियोगितामा सहभागीता (१०) | विगत वर्षमा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागीता (१०) | विगत ४ वर्षमा कारबाही भए नभएको (१०) | विगत ४ वर्षमा बैदेशिक प्रशिक्षण/तालिम सहभागिता (१०) | व्यक्तिगत पेश्की बेरुजु बाँकी भए नभएको (१०) | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

द्रष्टव्य:

- अनुशासनमा विगत ३ वर्षमा कारवाही भएको भए ० अकं नभए १० अकं ।
- राष्ट्रिय प्रतियोगितामा विगत ५ वर्ष देखि निर्णयाकको भूमिका निर्वाह गरेको भए प्रति वर्ष २ अकंका दरले अधिकतम १० अकं ।
- अन्तराष्ट्रिय प्रतियोगितामा विगत दुई वर्ष देखि निर्णयाकको भूमिका निर्वाह गरेको भए प्रति वर्ष ५ अकंका दरले अधिकतम १० अकं ।
- आर्थिक अनुशासनमा व्यक्तिगत बेरुजु भए ० अकं, नभए १० अकं ।
- अनुशासनमा कारवाही भए नभएको र आर्थिक अनुशासनका लागि राष्ट्रिय खेलकुद परिषदको पत्रलाई आधार मानी मुल्याकंन गरिने ।

अनुसूचि-४ ङ

नियम ४ को उपनियम (१) सँग सम्बन्धित

# युवा तथा खेलकुद मन्त्रालय
## सिंहदरबार काठमाडौं
## राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि व्यवस्थापकको मूल्याङ्कन फाराम

| सि.नं. | आवेदक सिफारिस भएको नाम थर | ठेगाना | अनुशासन<br>विगत ३ वर्षमा राष्ट्रिय संघ बाट कारबाही भए नभएको<br>(१०) | राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा विगत २ वर्षमा सहभागिता<br>(१०) | सम्बन्धित खेलसम्बन्धी अनुभव<br>(१०) | मन्त्रालय, परिषद, प्रशिक्षक, खेलाडी,,खेल संघ र अन्य पदाधिकारी संग समन्वय गर्न सक्ने क्षमता<br>(१०) | आर्थिक अनुशासन<br>व्यक्तिगत बेरुजु बाँकी भए/ नभएको<br>(१०) | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

द्रष्टव्यः

- अनुशासनमा विगत ३ वर्षमा कारवाही भएको भए ० अकं र नभए १० अकं ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा विगत २ वर्ष देखि व्यवस्थापकको भूमिका निर्वाह गरेको भए प्रति वर्ष ५ अकंका दरले अधिकतम १० अकं ।
- आर्थिक अनुशासनमा व्यक्तिगत बेरुजु भए ० अकं र नभए १० अकं ।
- सम्वन्धित खेल सघ वा रा खे प मा विगत ५ वर्ष देखि व्यवस्थापकको भूमिका निर्वाह गरेको भए प्रति वर्ष २ अकंका दरले अधिकतम १० अकं ।
- अनुभव र अनुशानन वापत अकं प्रदान गर्दा सम्वन्धित खेल सघ वा रा खे प को सिफारिसलाई आधार मानिनेछ ।

अनुसूचि-४ च

नियम ४ को उपनियम (१) सँग सम्बन्धित

# युवा तथा खेलकुद मन्त्रालय
## सिंहदरबार काठमाडौं
## राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि खेल चिकित्सकको मूल्याङ्कन फाराम

| सि.नं. | आवेदक सिफारिस भएको नाम थर | ठेगाना | खेल चिकित्सा सम्बन्धि अध्ययन (१५) | अनुभव | | समन्वय गर्न सक्ने क्षमता (१०) | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खेलचिकित्सा सम्बन्धी कार्य अनुभव (२०) | एन्टिडोपिङ्ग सम्बन्धी कार्य अनुभव (विगत ५ वर्ष) (५) | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

द्रष्टव्यः

- राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितमा विगत ५ वर्ष देखि खेल चिकित्सकको भूमिका निर्वाह गरेको भए प्रति वर्ष २ अकमा दरले बढिमा १० अकं ।
- आर्थिक अनुशासनमा व्यक्तिगत बेरुजु भए ० अकं र नभए १० अकं ।
- खेल चिकित्सा सम्बन्धी अध्ययन गरेको भए१० अकं
- एन्टिडोपिङ्ग सम्बन्धी विगत ५ वर्ष देखि कार्य गरेको प्रति कार्य अनुभव वर्षको३ अकंको दरले बढिमा १५ अकं ।
- समन्वय गर्न सक्ने क्षमताको लागिएकमुष्ट १०अकं